नेपाल सरकार
**विज्ञापन बोर्ड**
बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- ६३

मिति :- वि.सं. २०८३/०५/१५

ने.स. :- ११४६ गुंलागा,३ सोमवार

विषयः पत्रपत्रिका, विज्ञापन एजेन्सी तथा अन्य सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ को उपदफा (१) मा विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सी तोकिए बमोजिमको विवरण दाखिला गरी बोर्डमा सूचीकृत हुनुपर्ने, उपदफा (२) मा यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम यो दफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र उपदफा (१) बमोजिम सूचीकृत हुनुपर्ने भनी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ को उपदफा (४) बाट संशोधन भएको हुँदा सोही संशोधित व्यवस्था तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ४ (क) तथा नियम ११ बमोजिम विज्ञापनको कारोवार गर्ने विज्ञापन एजेन्सी, छापा, विद्युतीय, अनलाइन सञ्चारमाध्यमहरु विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण गर्न/गराउन, सूचीकरण तथा नवीकरण नगरी विज्ञापनको कारोबार गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने साथै, **आ.व. २०८३/०८४ बाट बोर्डमा सूचीकरण तथा नवीकरण नगरी बोर्डले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने पत्रपत्रिकाहरुलाई सो बापतको रकम भुक्तानी नहुने** भनी यस बोर्डबाट च.नं. ६२७ मिति २०८३/०३/०९ गते सूचना प्रकाशित गरी जानकारी गराइएको सोही ब्यहोरा पुनः अनुरोध छ।

आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकनसहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका बिभिन्न स्तर, प्रकार र वर्गका ८७९ वटा पत्रपत्रिकामध्ये अधिकांश पत्रपत्रिका सूचीकरण तथा नवीकरण हुन बाँकी रहेकोले यथासिध्र सूचीकरण तथा नवीकरण हुन र सो नभएका कारण लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको रकम भुक्तानी नभए पत्रपत्रिका स्वयम् जवाफदेही हुने व्यहोरा निर्णयानुसार अनुरोध छ।

सूचीकरण तथा नवीकरण विज्ञापन बोर्डको वेबसाइट https://ams.adboard.gov.np/#/login मा रहेको अनलाइन दर्ता प्रणाली मार्फत गर्न सकिने व्यहोरा जानकारी गराईन्छ। कुनै समस्या परे ०१-५९०९२४४/५९०९३४४ मा सम्पर्क गर्नुहुन तथा बोर्डको फेसबुक पेजमा रहेको ट्युटोरियल/भिडियो हेर्नु हुन समेत अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत



about:blank 1/1